# मार्मा गाउँपालिका राजपत्र

**खण्डः२ संख्याः १ मितिः २०७८/०९/७**

**भागः २**

मार्मा गाउँपालिका, लटिनाथ, दार्चुला, सुदूरपश्चिम प्रदेश, नेपाल


## विषय विज्ञ / रोष्टर सूची प्रकाशन सम्बन्धी कार्यविधि, २०७८

मार्मा गाउँपालिकाको विषय विज्ञ / रोष्टर सूची प्रकाशन सम्बन्धी कार्यविधि, २०७८

विषय विज्ञ / रोष्टर सूची प्रकाशन सम्बन्धी कार्यविधि, २०७८

मार्मा गाउँपालिकाको शिक्षा क्षेत्रमा प्राज्ञिक कार्यहरू सञ्चालन, शैक्षिक गुणस्तर सुधार, बाल प्रतिभा पहिचान, शिक्षक तालिम, विभिन्न प्रकारका परीक्षा सञ्चालन गर्न प्रश्नपत्र निर्माण, नमुना पाठ प्रदर्शन, कक्षा अवलोकन तथा प्रशिक्षण, विभिन्न किसिमका योजना निर्माण, पालिकास्तरीय प्रतियोगिता सञ्चालन लगातयतका कार्यक्रम सञ्चालन गर्न विषयविज्ञको समूह बनाउन बान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐनको दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मार्मा गाउँकार्यपालिकाले यो कार्यविधी बनाई कार्यान्वयनमा ल्याएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. सङ्क्षिप्त नाम विस्तार र प्रारम्भः

क) यस कार्यविधिको नाम विषय विज्ञ / रोष्टर सूची प्रकाशन सम्बन्धी कार्यविधि, २०७८ रहेको छ।

ख) यो कार्यविधि मार्मा गाउँपालिकाभरि विस्तार हुने छ।

ग) यो कार्यविधि मार्मा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको दिनदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

क) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारकबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त मार्मा गाउँपालिका क्षेत्रका विद्यालय सम्झनु पर्छ ।

ख) "अभिभावक" भन्नाले सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीका आमा ,बुवा वा संरक्षक व्याक्तिलाई सम्झनु पर्छ ।

ग) "गाउँपालिका" भन्नाले मार्मा गाउँपालिकालाई सम्झनु पर्छ ।

घ) "अध्यक्ष भन्नाले मार्मा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

ङ) "गाउँ कार्यपालिका" भन्नले मार्मा गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मार्मा गाउँकार्यपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

छ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका विद्यालय रहेका सामुदयिक विद्यालय सम्झिनु पर्छ ।

ज) "शिक्षा शाखा" भन्नाले मार्मा गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

झ) "शिक्षा अधिकृत" भन्नाले मार्मा गाउँपालिकाको शिक्षा अधिकृतलाई सम्झनु पर्छ ।

ञ) "शिक्षा ऐन" भन्नाले मार्मा गाउँपालिकाको स्थानीय शिक्षा ऐन २०७६ सम्झनु पर्छ ।

ट) "शिक्षा निमावली" भन्नाले मार्मा गाउँपालिकाको शिक्षा निमावली, २०७७ सम्झनु पर्छ ।

ठ) "गाउँ शिक्षा समिति" भन्नाले मार्मा गाउँपालिकाको शिक्षा समितिलाई सम्झनुपर्छ ।

ड) “विषय विज्ञ” मार्मा गाउँपालिकाको विविध योजना निर्माण, स्थानीय पाठ्यक्रम विकास, प्रश्नपत्र निर्माण, परीक्षा सञ्चालन, शिक्षक तालिम सञ्चालन, पाठ्यपुस्तक लेखन लगायतका गतिविधि सञ्चालन गर्न सम्बन्धित विषयमा विज्ञता हासिल गरेको र मार्मा गाउँपालिकाको विज्ञसूचीमा सूचीकृत व्यक्तिलाई सम्झिनु पर्छ।

**परिच्छेद २**

**सूचना प्रकाशन तथा आवेदन छानबिन सम्बन्धी व्यबस्था**

**३. सूचना प्रकाशनः** १) शिक्षा शाखाले शैक्षिक प्राज्ञिक कार्य सञ्चालन गर्न वर्षको एक पटक पन्ध्र दिनको सूचना प्रकाशन गरी योग्यता पुगेका इच्छुक व्यक्तिहरूबाट आवेदन माग गर्ने छ।

२) शिक्षा शाखाले प्रकाशन गरेको सूचनामा तोकिएको योग्यता पुगेका व्यक्तिहरूले माग गरे अनुसारका विवरणहरूसहितको निवेदन अनुसूची - १ बमोजिमको ढाँचामा शिक्षा शाखामा पेश गर्नु पर्ने छ।

३) शिक्षा शाखाले आवश्यक्तानुसार आवधिक रूपमा विज्ञसूची अध्याबधिक गर्न सक्ने छ।

**४. दरखास्त दस्तुरः** १) विज्ञ सूचीमा नाम सूचीकृत गराउन चाहने व्यक्तिहरूले एक हजार दस्तुरसहित शिक्षा शाखामा निवेदन पेश गर्नु पर्ने छ।

२) उपदफा १) मा जेसुकै भनिएको भए तापनि एक चोटि विज्ञासूचीमा सूचीकृत भइसकेको व्यक्ति सूची अद्यावधिक गर्दा निवेदन दस्तुर लाग्ने छैन।

**५. विषय विज्ञको लागि चाहिने योग्यताः** १) विषयविज्ञको लागि चाहिने योग्यता देहाय बमोजिम हुने छः

क) नेपाली नागरिक

ख) २१ वर्ष पुरा भएको,

ग) आधारभूत तहको लागि स्नातक तह उत्तीर्ण र माध्यमिक तहको लागि स्नातकोत्तर तह उत्तिर्ण गरेको,

घ) नेपाल सरकारको स्वीकृत दरबन्दीमा कम्तिमा पाँच वर्ष सेवा गरेको स्थायी शिक्षक,

ङ) स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको,

च) फौजदारिक अभियोगमा कुनै कसुरदार नठहरिएको।

**६. आवेदन उपर कारबाहीः** १) शिक्षा शाखाले दफा ३ बमोजिम परेका दरखास्त उपर कारवाही गरी विषय विज्ञको सूची प्रकाशनका लागि गाउँ शिक्षा समिति समक्ष सिफारिस गर्ने छ।

२) दफा १ बमोजिम सिफारिस भएका व्यक्तिहरूमध्ये योग्यता, तालिम, अनुभवको आधारमा गाउँ शिक्षा समितिले विज्ञहरूको नाम सूचना पार्टीमा प्रकाशन गर्नुपर्नेछ।

**७. विषय विज्ञलाई प्राथमिकता दिनुपर्नेः** १) गाउँपालिकाले सञ्चालन गर्ने कुनै तालिम, गोष्ठी, परीक्षा तथा प्रतियोगिताहरूमा विज्ञसूचीमा नाम समावेश भएका र सबैभन्दा उच्च सिकाइ उपलब्धि प्राप्त गराउन सफल व्यक्तिहरूलाई प्राथमिता दिनुपर्नेछ।

२) गाउँपालिकाले कुनै कार्यक्रम सञ्चालनका क्रममा विषय विज्ञहरूमध्ये आवश्यक्ताका आधारमा एक वा सोभन्दा बढि जुनसुकै विज्ञलाई पनि बोलाउन सक्ने छ।

३) उपदफा (२) बमोजिम बोलाइएका विषय विज्ञले कुनै गोपनीय सूचना रहेको खण्डमा गाउँपलिकाको अनुमति बिना प्रचार प्रसार वा बाहिर प्रकाशन गर्न पाइने छैन।

४) गाउँपालिकाले बोलाइएका विज्ञहरूलाई पालिकाले तोकिएबमोजिम भत्ता र अन्य सुविधा भए सो पनि उपलब्ध गराउनुपर्नेछ।

अनसूची - १

**विज्ञको व्यक्तिगत विवरण**

१. विज्ञ समूहमा सूचीकृत हुन चाहने व्यक्तिको व्यक्तिगत विवरण

दुवै कानसहितको मुखाकृति देखिने हालसालै खिचेको पासपोर्ट साइजको फोटो

नामः

स्थायी ठेगानाः

नागरिकता नम्बरः

हालको ठेगानाः

हाल कार्यरत संस्थाः

हाल कार्यरत पदः

मोबाइल नम्बरः

स्थायी नियुक्ति मितिः

सङ्केत नम्बरः

अवकास भएको वर्षः

अवकास भएको संस्थाः

मूल विषयः

२. शैक्षिक उपाधीको विवरण

| क्र.स. | उत्तीर्ण वर्ष | संस्थाको नाम | श्रेणी | मुख्य विषय | कैफियत |
|---|---|---|---|---|---|
| १. | एस. एल. सि. वा सोसरह | | | | |
| २. | प्रमाणपत्र तह वा सोसरह | | | | |
| ३. | स्नातक तह | | | | |
| ४. | स्नातकोत्तर तह | | | | |
| ५. | एम. फिल | | | | |
| ६. | विद्यावारिधी | | | | |

३. अनुभव तथा तालिम सम्बन्धी विवरण

| क्र. स. | कार्य गरेको संस्था | कार्य अवधि | | गरिएका कामहरू | कैफियत |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |

माथि लेखिएको विवरण साँचो हो भनि प्रमाणित गर्दछुँ।

प्रमाणित गर्नेको
हस्ताक्षरः
नामः
मितिः

---

आज्ञाले स्वीकृत गर्नेको
हस्ताक्षरः
नामः राम कुमार राना
पदः नि. प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७८।९।७

मार्मा गाउँपालिकाको विषय विज्ञ / राष्ट्र सूची प्रकाशन सम्बन्धी कार्यविधि, २०७८